नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.स.: शैसूव्य.२०७७/७८

मिति: २०७८।०१।१९

च.नं. : ४७०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषय : Excel Based IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु

सबै

प्रस्तुत विषयमा मुलुक भरी सञ्चालित सबै प्रकार र तहका (सामुदायिक, संस्थागत र धार्मिक प्रकृतिका) विद्यालयहरुबाट प्रत्येक शैक्षिक सत्रको सुरू र अन्त्यमा (क्रमशः Flash I र Flash II) विद्यालयतहको "विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली **(Excel based को Electronic School level Integrated Educational Management Information System- IEMIS** को माध्यमबाट विद्यालय शिक्षासँग सम्बन्धित सूचनाहरु संकलन, व्यवस्थापन, विश्लेषण र प्रतिवेदन तयारी जस्ता महत्वपूर्ण कार्यहरु निरन्तर हुदै आएको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा शैक्षिक सत्र २०७७ मा अध्यावधिक गर्नु पर्ने IEMIS को विवरणका हकमा २०७७ फाल्गुण मसान्तभित्र अनिवार्य रुपमा अद्यावधिक गर्नका लागि यस केन्द्रबाट मिति २०७७।११।१९ मा अन्तिम पटक परिपत्र गरिएकोमा हालसम्म पनि कतिपय विद्यालयहरुले आफ्नो विद्यालयको IEMIS अद्यावधिक गरी यस केन्द्रको Web Portal: **iemis.doe.gov.np** मा Upload नगरेको पाइनुका साथै कतिपय विद्यालयहरुले गत शैक्षिक सत्र २०७६ को विवरणमात्र अद्यावधिक गरेको तर शैक्षिक सत्र २०७७ को नयाँ विवरणहरु अद्यावधिक नगरी Upload गरेको पाइएकोले सम्बन्धित सबै स्थानीय तह अन्तर्गतका शिक्षा शाखाहरुबाट देहाय अनुसारको कार्य सम्पादनका लागि निर्देशानुसार अनुरोध छ ।

क) आफ्नो User Account बाट Report तयार गरी सबै प्रकार र तहका विद्यालयहरुको अवस्था यकीन गर्ने ।

ख) हालसम्म विवरण अद्यावधिक गरी Portal मा अपलोड नगर्ने र अपुरो विवरण भरी अपलोड गर्ने सबै विद्यालयहरुको विवरण अनिवार्य रुपमा Update गरी Web-Portal मा अपलोड गर्न लगाउने।

ग) IEMIS कोड प्राप्त गरेका तर हाल सञ्चालनमा नरहेका (बन्द वा अर्को विद्यालयमा समायोजन तथा तह मिलान भएका) विद्यालयहरुको विवरण Web-Portal मा अद्यावधिक गरी सोको विवरण तपसिलमा उल्लिखित ढाँचामा यस केन्द्र (iemis.cehrd@gmail.com) मा पठाउनु हुन अनुरोध छ ।

| क्र.सं. | स्थानीय तहको नाम | बन्द वा समायोजन भएको विद्यालयको IEMIS कोड नं | विद्यालयको नाम | समायोजन भएको भए समायोजन भएको विद्यालयको कोड | निर्णय भएको मिति |
|---|---|---|---|---|---|
| | | | | | |

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै) : आवश्यक समन्वय र सहजीकरण गर्नु गराउनु हुन।

जनार्दन न्यौपाने
तथ्याङ्क अधिकृत